नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :
मिति : ..................

## प्रेस विज्ञप्ति

नेपालमा केही वर्ष देखि जारी राजनीतिक संक्रमणलाई शिघ्राती शिघ्र सफलतापूर्वक समापन गर्न र आम नागरिकलाई परिवर्तनको अनुभूति दिलाएर उनीहरुमा राज्यप्रतिको विश्वासको वातावरण सुदृढ बनाउन जनमुखी र परिणाममुखी भएर काम गर्न आव्हान गर्दै सम्माननीय प्रधानमन्त्रीज्यूले मिति २०७३।६।९ गतेका दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेपाल सरकारका सचिवहरुलाई दिनु भएको निर्देशनको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

### निर्देशनहरु

१. संसदमा मैले भाद्र २३ मा दिएको बिशेष संवोधनको कार्यान्वयनका लागि तयार कार्ययोजनाको कार्यान्वयनमा विशेष प्रगति हासिल गर्नुहोस्। यसका लागि थप बजेट आवश्यक पर्ने अवस्थामा अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग समन्वय गर्नुहोस्।
   - क. ती कार्यक्रम सञ्चालन गर्न थप बजेट आवश्यक पर्नेको हकमा अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोगसँग समन्वय गरी कार्यक्रम तथा बजेट स्वीकृत गराई कार्यक्रम कार्यान्वयन गर्ने।
   - ख. थप बजेट आवश्यक नपर्ने कार्यक्रमहरु चालू वर्षको कार्यक्रममा मिलान गरी सञ्चालन गर्ने।
   - ग. बजेट रकम आवश्यक नपर्ने नीतिगत निर्णय गर्नु पर्ने विषयहरु निर्णयार्थ मन्त्रिपरिषद्मा पेश गर्ने।
   - घ. यी विशेष कार्यक्रमहरु संचालन गर्न आवश्यक कानूनी प्रबन्ध गर्नुपर्ने भए सो सम्बन्धी विषयहरु समेत तत्काल पेश गर्ने।

२. मैले पदबहाली गर्दा गरेको पहिलो ४ (चार) निर्णयहरुको कार्यान्वयनका लागि तपाईहरुले लिखित निर्देशन प्राप्त गरिसक्नु भएकैछ। त्यसैगरी मैले ३ (तीन) दिनको समय दिई तपाईहरु सम्बद्ध मन्त्रालय/निकाय सम्बन्धी कार्ययोजना माग गरेको थिएँ। आफू सम्बद्ध कार्ययोजनाको कार्यान्वयनका लागि प्रधानमन्त्री तथा

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

मिति : ..................................

मन्त्रिपरिषद्‌को कार्यालयवाट लिखित निर्देशन मिति २०७३।०५।३१ को पत्र मार्फत तपाईंहरुले पाइसक्नु भएको छ। सो अनुसार सवै विषयको कार्यान्वयन गर्नुहोला ।

३. मैले गत शुक्रवार २०७३।०६।०७ गते मेलम्ची खानेपानी आयोजनाको स्थलगत अनुगमन गरेको थिएँ। यसैगरी आगामी दिनमा राष्ट्रिय गौरव र राष्ट्रिय महत्व बोकेका आयोजनाहरुको स्थलगत अनुगमनलाई म निरन्तरता दिनेछु।

४. "हेलो सरकार" र "प्रधानमन्त्रीसँग सिधा कुरा" टिभी कार्यक्रमबाट प्राप्त जनगुनासोहरु सम्वन्धित मन्त्रालय निकायहरुमा पठाइने गरेको छ। तर कतिपय निकायमा प्राप्त गुनासाहरुलाई सम्बोधन गरिएता पनि कहीं-कहीं गम्भीरताका साथ सम्वोधन नगरिएको गुनासो आएको छ। यसमा मेरो गम्भीर ध्यानाकर्षण भएको छ। अतः त्यस्ता गुनासाहरुलाई विशेष ध्यान दिएर संवोधन गर्नुहोला ।

५. कालोवजारी र मुल्यवृद्धि नियन्त्रणलाई तुरुन्त ध्यान दिनुस्। यसको लागि बजारमा आपूर्ति व्यवस्था, सुपथ मूल्य पसल र बजार अनुगमनमा आपूर्ति, वाणिज्य, गृह र अन्य मन्त्रालयहरुले विशेष सकृयता देखाउनुहोस् ।

६. नेपालीहरुको महान चाड दशैं, तिहार, छठ लगायतका पर्वहरु नजिकिंदै गएका छन्। यसमा आम नागरिकहरुले आवत जावत गर्ने सडक बाटो मर्मत संभार गरी सवारी साधन सुचारु रुपले चल्ने व्यवस्था सम्वन्धित मन्त्रालयहरुले मिलाउनुहोस्। यात्रुहरुको लागि विना झन्झट हवाइ तथा सार्वजनिक यातायातका साधनको टिकट प्राप्त गर्ने व्यवस्था सम्वन्धित मन्त्रालयहरुले मिलाउनुहोस्। साथै, उल्लेखित चाडपर्वहरुमा शान्ति सुरक्षाको व्यवस्था मिलाउन गृह प्रशासनले चुस्त दुरुस्त भएर लाग्नुहोस्।

२०७३।६।९

२०७३ असोज ९ गते

दामोदर रेग्मी
सहसचिव/प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np